प्रतिदिन पुभौं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

➢ मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन्।
➢ यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं।
➢ मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ।
➢ जनस्वास्थ्य सम्बन्धी कानूनको पूर्णरुपमा पालना गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१५ ।। अङ्क : ११६ ॥ २०८० जेठ २३ गते मंगलबार (6th Jun 2023 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-

फेरि विद्यालय कर्मचारी आन्दोलित

झापा(प्रस) । नेपाल विद्यालय कर्मचारी परिषद्ले आगामी असार २ गतेदेखि देशभरका सामुदायिक विद्यालय अनिश्चितकालीन बन्द गर्ने चेतावनी दिएको छ। आगामी आव बजेटमा विद्यालय कर्मचारीको माग सम्बोधन नभएपछि उनीहरूले विद्यालय बन्द गर्ने तयारी गरेका हुन्।

नेपाल विद्यालय कर्मचारी परिषद्का महासचिव शान्तिनाथ योगीले असार २ गतेदेखि देशभरका सरकारी विद्यालय बन्द गर्न आह्वान गरेको जानकारी दिए।

उनले भने, 'सरकारले पटक पटक धोका दियो, आश्वासनमात्र दियो तर माग पूरा गरिदिएन। हामी बाँच्ने आधार नै राखिएन, विद्यालयमा काम गर्दागर्दै ४५ वर्ष बित्यो, अब लोकसेवा भिड्न नि पाइँदैन, बेरोजगार भइने भयो, त्यसैले अनिश्चितकालका लागि विद्यालय बन्द गर्छौं।'

प्रअलाई चाबी बुझाएर धर्नामा बसे कर्मचारी

देशैभरका विद्यालय कर्मचारीहरू अहिले पनि आन्दोलित नै छन्। पर्वतमा गत जेठ १५ गते सरकारले प्रस्तुत गरेको बजेट वक्तव्यमा आफूहरूको मागको सम्बोधन नगरेपछि विद्यालय कर्मचारीका रूपमा कार्यरत लेखापाल र कार्यालय सहयोगीले विद्यालयका चाबी प्रधानाध्यापकहरूलाई बुझाएर आफूहरू शिक्षा विकास तथा समन्वय इकाईको मूल गेटमा पुगेर धर्नामा बसिरहेका छन्।

नेपाल विद्यालय कर्मचारी परिषद् जिल्ला समिति पर्वतका अध्यक्ष पदमलाल गौतमका अनुसार जेठ २० गते नै प्रधानाध्यापकहरूलाई कर्मचारीहरूले चाबी हस्तान्तरण गरेर जेठ २१ देखि २६ गतेसम्म शिक्षा विकास तथा समन्वय इकाईको गेटमा धर्नामा बस्ने केन्द्रीय निर्णयअनुसार कर्मचारीहरू धर्नामा बसेका हुन्।

सरकारले सरकारी विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरूलाई विभेद र न्यून वेतनमा काम गर्न बाध्य पारेको उनको भनाइ छ।

त्यस्तै पहिलो चरणको आन्दोलनअन्तर्गत झापाका विद्यालय कर्मचारीहरुले शिक्षा विकास तथा समन्वय ईकाई भद्रपुरमा २ घण्टा धर्ना दिएका छन् ।

विद्यालय कर्मचारी परिषद राष्ट्रिय समितिको निर्णयबमोजिम झापा अध्यक्ष चन्द्रप्रसाद प्रसाईं ,भद्रपुर अध्यक्ष करकचन्द्र राजवंशीलगायतको नेतृत्वमा गएका जिल्लाभरिका सामुदायिक बिद्यालयका कर्मचारीहरुले समन्वय ईकाई झापाको मुल गेटमा ११ देखि १ बजेसम्म २ घण्टा धर्ना दिएका हुन् ।

यस्तै, मोरङस्थित शिक्षा विकास तथा समन्वय इकाईमा नेपाल विद्यालय कर्मचारी परिषद्ले धर्ना कार्यक्रम राखेका छन्। शिक्षा विकास तथा समन्वय इकाइ चितवनमा पनि विद्यालय कर्मचारीहरूले धर्ना दिएका छन्।

नेपाल विद्यालय कर्मचारी परिषद्का महासचिव योगीका अनुसार यतिखेर विद्यालयमा काम छाडेर देशभरका शिक्षा विकास तथा समन्वय इकाईमा विद्यालय कर्मचारीहरूले धर्ना दिइरहेका छन्। केही विकट जिल्लामा भने सम्बन्धित स्थानीय तहको शिक्षा विभागमा धर्ना दिँदै छन्।

'२८ गते माइतीघर मण्डलादेखि नयाँ बानेश्वरमा खाली थाल ठटाउँदै आन्दोलन गर्ने कार्यक्रम छ, २९ गतेदेखि ३ दिन अनसन बस्ने छौं। त्यो समयसम्ममा पनि माग सम्बोधन नभए असार २ देखि अनिश्चितकालीन विद्यालय बन्द गर्छौं,' उनले भने।

सरकारले पटक पटकको आश्वासन दिएको तर कार्यान्वयन नगर्दा कर्मचारीहरू मानसिक रूपमा विक्षिप्त हुँदै गएको उनले बताए।

उनले भने, 'विद्यालय बन्द गरेर पठनपाठन रोक्ने हाम्रो रहर होइन, हामी पनि समाजकै निम्ति काम गरिरहेका छौं तर यो बाध्यता नै आइपऱ्यो।'

यस्ता छन् उनीहरूको माग

नेपाल विद्यालय कर्मचारी परिषद्का महासचिव योगीका अनुसार विद्यालय कर्मचारी सहायक (लेखापाल)हरूका लागि ३४ हजार ७३० रूपैयाँ तलब कायम हुनुपर्ने, विद्यालय सहयोगीका लागि २४ हजार २१० तलब रूपैयाँ कायम

❖ बाँकी तेस्रो पृष्ठमा

ठूलो मात्रामा ब्राउनसुगरसहित दुई पक्राउ

झापा(प्रस) । बिर्तामोडको बसपार्कबाट प्रहरीले ठूलो मात्रामा ब्राउनसुगरसहत दुई कारोबारीलाई पक्राउ गरेको छ । आइतवार साँझ ६.३० बजे अर्जुनधारा नगरपालिका वडा नं. ११ बसपार्कस्थित मेमेङ होटल एण्ड लजमा लागूऔषधको कारोबार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा अस्थाई प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरी टोलीले उक्त होटलको रुम नम्बर १०१ मा बस्ने अर्जुनधारा नगरपालिका वडा नं.१० बस्ने ३० वर्षिय बिक्रम लिम्बू र पाँचथर फिदिम नगरपालिका वडा नं. १ बस्ने ३४ वर्षिय मदन मगरले प्लास्टिकमा प्याक गर्दै गरेको अवस्थामा ३६ ग्राम ब्राउनसुगर एक थान डिजिटल तराजु थान र २ हजार ५३०रुपैयाँ बरामद गरेको थियो ।उनीहरुलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय अनारमनीमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

वातावरण दिवसमा विविध कार्यक्रम

झापा(प्रस) । ५० औं विश्व वातावरण दिवसको अवसर पारेर बिर्तामोडमा विविध कार्यक्रम सम्पन्न गरिएको छ ।सचेतनामूलक साइकल र्याली ,बृक्षरोपणलगायतका कार्यक्रम गरिएको हो । बिर्तामोड नगरपालिकालाई सुन्दर,सफा, स्वच्छ, हरियाली र प्लाष्टिकमुक्त क्षेत्र बनाउन न्यूटन्स् बाल क्लबको आह्वानमा सचेतनामूलक साइकल ऱ्याली निकालिएको थियो ।बिर्तामोड बजार परिक्रमापश्चात् बिर्तामोड नगरपालिकाको कार्यालय अगाडि ऱ्याली सभामा परिणत भएको थियो ।

न्यूटन्स् बाल क्लबका सचिव संस्कार भट्टराईको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रमुख अतिथि संग्रौला ,शिक्षा शाखा प्रमुख तिलचन भण्डारीलगायतले विश्व वातावरण दिवसको महत्वका बारेमा प्रकाश पारेका थिए । बाल क्लबका फोकल पर्सन मिनु शिवाकोटीले संचालन गरेको कार्यक्रममा प्रधानाध्यापक देवेन्द्र हुमागाईंले स्वागत मन्तव्यसहित कार्यक्रमको औचित्यका बारेमा प्रकाश पारेका थिए ।

त्यस्तै वातावरण दिवसको अवसरमा प्रथम बहुउद्देश्यीय सहकारी संस्था बिर्तामोड ४ ले वृक्षरोपण गरेको छ । बिर्तामोड ३ स्थित महेन्द्र रत्न माध्यमिक विद्यालय अगाडि १० वटा सिरिसको बिरुवा रोपिएको हो । बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईले बिरुवा रोपेर बृक्षरोपण कार्यक्रमको शुभारम्भ गरेकी थिइन् । नगर प्रमुख प्रसाईले बिर्तामोडलाई हरित नगर बनाउने अभियानमा लागेको बताइन् । वातावरण स्वच्छ र हराभरा बनाउनका लागि बिरुवा रोप्न आवश्यक रहेको भन्दै उनले नगरवासी सबैलाई जतिसक्दो धेरै बिरुवा रोप्न आग्रह गरिन् ।

सडकको दायाँबायाँ, घर, विद्यालय वरिपरि रुख रोपेर स्वच्छ वातावरणमैत्री हरितनगर निर्माणको लागि सबै एकजुट भएर लाग्नु पर्नेमा उनले जोड दिइन् ।वातावरण दिवसको अवसरमा सुरुवात मात्रै गरेको बताउँदै उनले पानी परेर वातावरण सहज भएपछि वृक्षरोपण कार्यलाई अघि बढाउने जानकारी दिइन् ।

वृक्षरोपण कार्यक्रममा नगर प्रमुख प्रसाई, उपप्रमुख संग्रौला, प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपाने, नेकपा एमाले बिर्तामोड नगर कमिटी इञ्चार्ज देवराज कार्की, नेकपा एमाले बिर्तामोड नगर कमिटी अध्यक्ष सुवास भट्टराई, वडा नम्बर ३ का वडाध्यक्ष मदन बुढाथोकी, वडा नम्बर ४का वडाध्यक्ष राहुल शर्मालगायतका जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, सहकारीकर्मी, नेपाल प्रहरी, नगर प्रहरी र विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

संयुक्त राष्ट्रसंघको मूल नारालाई स्थानीयकरण गर्दै नेपालमा यस वर्ष 'प्लाष्टिकजन्य प्रदूषण निर्मूल पारौं, वातावरणमैत्री विकल्पको उपयोग गरौं' भन्ने नाराका साथ वातावरण दिवस मनाइएको छ ।

संयुक्त राष्ट्रसंघको महासभाले गरेको घोषणा तथा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको अग्रसरतामा सन् १९७३ देखि प्रत्येक वर्ष जुन ५ का दिन विश्वभर विश्व वातावरण दिवस मनाइन्छ ।

नेपालले पनि प्रत्येक वर्ष यस दिनमा विश्व वातावरण दिवस मनाउने गरेको छ ।

त्यस्तै ५० औं विश्व वातावरण दिवसको अवसर पारी झापाको सदरमुकाम चन्द्रगढीमा प्रभातफेरि निकाल्दै विविध चेतनामुलक कार्यक्रम सम्पन्न भएको छ ।

भद्रपुर नगरपालिकाको वातावरण शाखाको नेतृत्वमा वन तथा वातावरण सम्बद्ध विभिन्न संघसंस्थाले सामूहिक कार्यक्रमअन्तर्गत चन्द्रगढीमा प्रभातफेरिसहित विविध कार्यक्रम सम्पन्न गरेका हुन् ।

भद्रपुर नगर प्रमुख गणेश पोखरेलको नेतृत्वमा भद्रपुर १० लेखनाथ चौकबाट सुरू भएको प्रभातफेरि चन्द्रगढीको चारआली रोड हुँदै वीरेन्द्र माविको परिसरमा समापन भएको थियो । वातावरणसम्बद्ध संघसंस्था तथा विद्यार्थीहरूले विविध चेतना जनाउने चित्र, बोटविरूवा, जैविक मल लगायत प्राकृतिक उत्थान जागरण ल्याउने वस्तुहरूको प्रदर्शन गरेका थिए ।

कोशी प्रदेशमा भित्रियो ८६ हजार बोरा मल

झापा(प्रस) । कृषि सामग्री कम्पनी कोशी प्रदेश कार्यालय विराटनगरले बर्खे धान रोपाइँका लागि ८६ हजार बोरा डीएपी मलको व्यवस्था गरेको छ ।

कम्पनीलाई भारतको आईपीएल कम्पनीले टेण्डरमार्फत उपलब्ध गराएको उक्त मल सोमबार जोगबनी नाका हुँदै विराटनगर आइपुगेको छ । कम्पनीले बर्खे धानका नाममा

आयात गरेको उक्त मल मागको २५ प्रतिशत मात्र हो । कोशी प्रदेशका १४ जिल्लामा झण्डै ३ लाख ४० हजार हेक्टरमा बर्खे धान रोपाइँ हुन्छ। सो खेतीका लागि करिव ३ लाख ५० हजार बोरा डीएपी मल आवश्यक पर्ने कम्पनीले जनाएको छ । कम्पनीले प्रदेशभरका लागि ८६ हजार बोरा अर्थात् ४ हजार ३ सय टन डीएपी आयात गरेको छ । ' ल्याइएको मल मागको करिव २५ प्रतिशत मात्र हो । आयात भएको डीएपीमध्ये ८ हजार ६ सय बोरा स्टक राखेर कम्पनीले ७७ हजार ७ सय बोरा प्रदेश कृषि मन्त्रालयको सिफारिसमा सहकारी मार्फत बिक्री गर्ने छ' कम्पनीका अधिकारी होम पराजुलीले भने । उनका अनुसार यो मल प्रदेशमा धान रोपाइँ गर्ने प्रत्येक किसानलाई १० किलोका दरले मात्र उपलब्ध हुने स्थिति छ ।

गतवर्ष पनि यो प्रदेशका हरेक किसानले धान रोपाइँका लागि १० किलो मात्रै डीएपी मल पाएपछि भारतबाटै अवैध भित्रिएको न्यून गुणस्तरको मल प्रयोग गर्न बाध्य भएका थिए ।

जन्मसिद्धका ३३ जना सन्तानले पाए झापाबाट नागरिकता

झापा(प्रस) । सर्वोच्च अदालतले राष्ट्रपतिबाट प्रमाणीकरण भएको नागरिकता विधेयक कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिनुभन्दा पहिले जन्मसिद्धका ३३ जना सन्तानले झापाबाट नागरिकता पाएका छन् ।

राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि आइतवार पहिलो दिन जिल्ला प्रशासन कार्यालय झापाबाट जन्मसिद्धका ३३ जना सन्तानले नागरिकता पाएको सहायक प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपानेले बताए ।

जिल्ला प्रशासन कार्यालयले आइतबारदेखि प्रमाणीकरण भएको विधेयकका आधारमा जन्मसिद्धका सन्तानलाई नागरिकता दिन थालेको थियो । जन्मसिद्धका सन्तानहरुले नागरिकता लिने बाटो खुलेपछि जिल्ला प्रशासन कार्यालयमा निकै भीड लागेको थियो । ' आइतवार अझै ४०-४५ जनाले डकुमेन्ट बुझाएका थिए, उनीहरुलाई सोमवार बोलाएका थियौं' प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलले भने,'तर,सर्वोच्चबाट रोक्नुपर्ने आदेश आयो ।' झापा जिल्लामा जन्मसिद्ध नागरिक ९ हजारभन्दा बढी छन् । स्पष्ट कानुनी व्यवस्था नहुँदा उनीहरुका सन्तानले नागरिकता प्राप्त गर्न अझै सकेनन् ।

यसैबीच जिल्ला प्रशासन कार्यालय झापाले आइतवार साँझ एक सूचना जारी गरी सर्वोच्च अदालतबाट अल्पकालिन अन्तरिम आदेश जारी भएकोले सो ऐन बमोजिमको नागरिकतासम्बन्धी सेवा हाललाई स्थगन गरिएको जानकारी दिएको छ ।

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्यास्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट यसपटक चैत २६ गते

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: प्रत्येक शनिबार

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा



डा. धर्मागत भट्टराई
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा प्रतिरक्षा (इम्युनिटि) रोग
DM- Pediatric Clinical Immunology & Rheumatology (PGIMER, Chandigarh, India)
MD- Pediatrics (PGIMER, Chandigarh, India)
Fellowship in Advance Immunology, Allergy & Bone Marrow Transplantation (USA)
MBBS (University of Calcutta, India)
NMC No.- 6516
नेपालको प्रथम एकमात्र बाल इम्युनोलोजिष्ट तथा न्यूमाटोलोजिष्ट
इम्युनोकेयर सेन्टर, काठमाडौंबाट
जिवनरक्षा पोलिक्लिनिक, बिर्तामोडमा
DOCTOR VISIT DATE
प्रत्येक महिना
यस पटक वैशाख १ र २ गते

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरूम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

सरकारलाई दिएको समर्थनबारे माओवादी अनिर्णित

झापा(प्रस) । कोशी प्रदेश सरकारबाट बाहिरिने या नबाहिरिने भन्ने विषयमा माओवादी केन्द्र कोशी प्रदेश संसदीय दलको बैठक अनिर्णित बनेको छ ।

प्रदेशसभा सचिवालयमा सोमवार बसेको बैठकमा सरकारको समर्थनबारे निर्णय लिने तयारी थियो । माओवादी प्रदेशसभा सदस्य गणेश उप्रेतीले दिएको जानकारी अनुसार दलको बैठकले मंगलवार प्रदेशका नेताहरूसँग आवश्यक छलफल गरेर मात्रै निर्णय गर्ने भएको हो ।

यद्यपि माओवादीले दलका नेता इन्द्रबहादुर आङ्बोको नेतृत्वमा वैकल्पिक सरकार निर्माणका लागि पहल समिति गठन गरेको छ । उक्त समितिले नयाँ सरकार गठनबारे अन्य दलहरूसँग छलफल गर्नेछ ।

यसअघि जसपाले पनि सरकारबाट फिर्ताको निर्णय गरिसकेको छ । एमाले, माओवादी, राप्रपा र जसपाको गरि ५९ सांसदको समर्थनमा हिक्मत कार्की गत पुस २४ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए । माओवादीको १२ र जसपाको १ सांसदले समर्थन फिर्ता लिए कार्की नेतृत्वको सरकार स्पष्ट अल्पमतमा पर्नेछ ।

माओवादी केन्द्रबाट कार्की नेतृत्वको सरकारमा भौतिक पूर्वाधारमन्त्री दुर्गाप्रसाद चापागाईं र पर्यटन, वन तथा वातावरण मन्त्री जीवन आचार्य सहभागी छन् । उनीहरू गत माघ ६ गते मन्त्री पदमा नियुक्त भएका हुन् ।

उता नेपाली कांग्रेस कोशी प्रदेश संसदीय दलको गत जेठ ४ गते बसेको बैठकले केन्द्रीय सत्ता गठबन्धनमा रहेका दलहरू माओवादी र जसपालाई कोशी प्रदेश सरकारबाट फिर्ता आउन आग्रह गरेको थियो ।

यसैबीच माओवादी मन्त्रीद्वय चापागाईं र आचार्यले सोमवार नै मुख्यमन्त्री कार्कीलाई राजीनामा बुझाउने तयारी गरेका थिए । दलले तत्काल कुनै निर्णय नलिएपछि उनीहरूले मुख्यमन्त्री कार्कीलाई बुझाउन लागेको राजीनामा पत्र गोजीमै थन्किएको छ ।

'लु चल्दा बाहिर ननिस्कनू'

झापा(प्रस) । गर्मी बढेको छ । चिकित्सक भन्छन्, 'घरबाहिर निस्कँदै हुनुहुन्छ भने सजग हुनुहोस् ।

तातो हावा (लु) चलेको बेला घरबाहिर ननिस्कनू नै उत्तम हुन्छ। तातोपनाले ज्यानै लिन पनि सक्छ।' वरिष्ठ मुटुरोग विशेषज्ञ प्राध्यापक डाक्टर प्रकाशराज रेग्मीका अनुसार गर्मीले शरीरमा प्रत्यक्ष असर पर्छ। 'यो समय धेरै पसिना आउँछ। शरीरबाट पसिनाको साथ पानी र नुन बाहिर निस्कन्छ,' डा. रेग्मी भन्छन, 'यस्तो बेला जो कोहीलाई पनि जलवियोजन (डिहाइड्रेसन)हुन्छ। जलवियोजन भएको बेला रक्तचाप घट्छ । कमजोर महसुस हुन्छ ।' मुटु, मधुमेह, मिर्गौलालगायतका दीर्घरोगविरुद्ध औषधि सेवन गरिरहेका बिरामीहरूलाई जलवियोजन हुँदा शरीरमा झन् नकारात्मक असर पर्छ, 'तराईको तातो हावा (लु) शरीरमा पऱ्यो भने शरीरको तापक्रम बढ्छ। धेरै तातो अवस्थामा शरीरबाट पसिना निस्कन पनि छोड्छ। शरीरको बढेको तापक्रमलाई प्रतिरक्षा गर्ने संयन्त्र नै फेल खान्छ। काम गर्न सक्दैन। यसलाई हिट स्ट्रोक भनिन्छ,' डा. रेग्मी भन्छन्, 'हिट स्ट्रोक हुँदा शरीर तात्छ। ज्वरो आउने हुन्छ। बेस्सरी टाउको दुख्छ। विस्तारै बेहोस हुने हुन्छ। मृत्युसमेत हुन सक्छ। त्यसैले लु चल्दा बाहिर निस्कनु हुँदैन।'

घाममा बाहिर हिँडिरहेको बेला मस्तिष्कघातसमेत हुन सक्ने चिकित्सकहरू बताउँछन्। 'गर्मीको बेला बाहिर निस्कनु उचित हुँदैन। रिंगटा (चक्कर) लागेर सडकमा लड्ने जोखिम हुन्छ,' वरिष्ठ छाती रोग विशेषज्ञ डा. दीर्घसिंह बम भन्छन्, (लु) ले जीउमा नराम्रो असर गर्छ। मस्तिष्कदेखि शरीरका विभिन्न अंगमा प्रतिकूल असर पुऱ्याउँछ। ज्यानैसमेत लिन सक्छ।' स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्र मरासिनीले गर्मीमा लामखुट्टेको टोकाइबाट समेत जोगिन सुझाए। 'गर्मीमा 'लु' बाट जोगिनु पऱ्यो। लामखुट्टेको टोकाइबाट डेंगुसमेत लाग्न सक्छ,' उनले भने, 'गर्मीबाट जोगिन प्रशस्त पानी पिउनु पऱ्यो। लामखुट्टेबाट जोगिन राति झुलको प्रयोग गर्नुपर्छ।'

पोसाकमा ध्यान दिउँ

गर्मीको बेला हाफ कमिज वा हाफ पाइन्टभन्दा पूरा बाहुला भएको कमिज तथा पूरा पाइन्ट लगाउन चिकित्सकहरू सुझाउँछन्। घरबाहिर निस्कँदा छाता ओढ्न, टोपी, पूरा बाहुला भएको कपडा लगाउन चिकित्सकहरू सुझाव दिन्छन्। वरिष्ठ छाला रोग विशेषज्ञ डा. रीता श्रेष्ठका अनुसार, बाहिरको गर्मीले छालालाई प्रत्यक्ष असर पार्छ। 'घामको प्रत्यक्ष असरले अनुहारमा पोतो आउँछ। घमौरा, एजर्लीले समेत सताउँछ।' डा. श्रेष्ठले भनिन्, 'बाहिर निस्कँदा छाता ओढ्ने र सनस्क्रिन क्रिम लगाएर छाला जोगाउन सकिन्छ।'

तातोपनबाट शरीर जोगाउँ

गर्मीको समयमा चिसो पेय पदार्थ लिँदा पनि शरीरमा चिनीको मात्रा प्रवेश हुने चिकित्सकहरू बताउँछन्। 'बाहिर खरिद गरिने चिसो पेय पदार्थ खाँदा एकै छिन चिसो महसुस भए पनि झन् बेफाइदा गर्छ,' डा. रेग्मीले भने,' चर्को घाम र घामबाट उत्पन्न तातोपनबाट शरीरलाई बचाउनुपर्छ।'

पानी पर्याप्त पिउँ

जलवियोजनबाट जोगिन प्रशस्त मात्रामा पानी पिउनु पर्ने चिकित्सकहरूको सुझाव छ। दिनमा चारदेखि पाँच लिटर पानी पिउन डा. रेग्मीको सुझाव छ। 'पिसाब सङ्लो आउने गरी पानी पिउनुपर्छ,' उनले भने, 'नुन, कागति हालेर सर्बत पानी पिउँदा फाइदा हुन्छ। मोही वा लस्सी खाँदा पनि फाइदा हुन्छ।' समय अनुकूलका रसिला फलफूल सेवन गर्न डा. रेग्मीले सुझाव दिए।

हल्दिवारीका विद्यालयहरुमा जेठ २६ सम्म विदा

झापा(प्रस) । विगत केही समय अघिदेखि झापामा अत्यधिक बढेको गर्मीका कारण हल्दिबारी गाउँपालिकाले सामुदायिक र संस्थागत विद्यालयहरु जेठ २६ गतेसम्म विदा दिने निर्णय गरेको छ । गत जेठ १९ गतेबाट २२ गतेसम्म विदा दिने निर्णय गरिएकोमा अझै पनि मौसममा सुधार नभई तापक्रम नघटेको साथै मौसम पूर्वानुमान महाशाखाले समेत तातो हावा चल्ने, लु लाग्न सक्ने सम्भावना रहेको सूचना जारी गरेकाले बालबालिकाको स्वास्थ्यलाई ख्याल गर्दै थप ४ दिन विद्यालयहरु विदा दिने निर्णय गरिएको गाउँपालिका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनले जानकारी दिएका छन्।

काली माताको पुरानो थान पुनर्स्थापित

झापा(प्रस) । बिर्तामोड नगरपालिका वडा नं ३ आदर्श चौकका स्थानीयले काली माताको पुरानो थानलाई पुनर्स्थापना गरेका छन् । काली माताको थान भएको जग्गा अरुले किनेपछि त्यस थानलाई बिर्तामोड ९ स्थित काली माता मठ मन्दिरमा सारिएको थियो । स्थानीय कृष्ण राजवंशीले बौराउँदै साविक ठाउँमा काली माताको थान चाहिने बताएपछि बिर्तामोड ३ का वडाध्यक्ष मदन बुढाथोकीको उपस्थितिमा स्थानीयले थान पुनर्स्थापना गरेका हुन् । त्यस ठाउँमा थान बनाएर सदियौदेखि गजुवा राजवंशीले रणकाली पूजा गर्दै आएका थिए । त्यस थानप्रति धेरैले धार्मिक आस्था राखेका थिए । सो जग्गा बिक्री गरेपछि त्यहाँबाट काली थान हटाइएको थियो ।

बिर्तामोडमा कुक तालिम सुरु

बिर्तामोड(प्रस) । बिर्तामोडमा वारिष्टा तथा कुक तालिम सुरु भएको छ । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान इटहरीको आर्थिक सहयोगमा स्प्रिङडेल बिर्तामोडद्वारा आइतबारदेखि तालिम सुरु भएको हो । तालिमको एक कार्यक्रमका बीच बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले उद्घाटन गरे । तालिममा सहभागीहरु बिर्तामोड नगरपालिकाको रोजगार शाखाबाट छनोटमा परेका प्रशिक्षार्थीहरु रहेका छन् ।तालिममा ४० जना सहभागि रहेका छन् । तालिम उद्घाटन कार्यक्रममा बोल्दै नगर उपप्रमुख संग्रौलाले तालिममा सहभागीहरुलाई दत्तचित्त भएर सीप सिक्न आग्रह गरे । स्वदेश तथा विदेशमा सीप महत्वपूर्ण हुने भन्दै उनले जीविकोपार्जनमा सहयोग पुग्ने बताए । तालिम उद्घाटन कार्यक्रममा बिर्तामोड नगरपालिकाका रोजगार शाखा संयोजक होमनाथ भट्टराई ,कुक प्रशिक्षक मनिष बस्नेत, वारिष्टा प्रशिक्षक पुनम श्रेष्ठलगायतको उपस्थिति रहेको थियो । तालिम असार २१ गतेसम्म सञ्चालन हुने छ ।

इस्टुले भद्रपुर नगरपालिकालाई बुझायो ज्ञापनपत्र

भद्रपुर(प्रस) । संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) भद्रपुर नगर समितिले आफ्ना दश बुँदे माग समेटेर भद्रपुर नगरपालिकालाई ज्ञापनपत्र बुझाएको छ । नगर समितिका अध्यक्ष विदुर ढुंगानाको नेतृत्वमा गएको टोलीले नगर प्रमुख तथा शिक्षा समिति अध्यक्ष गणेश पोखरेललाई शिक्षक तथा कर्मचारीका समस्या हल गरिदिन माग राख्दै ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रमा वर्तमान श्रम ऐनको पूर्ण रूपमा कार्यान्वयन गराउँदै भद्रपुरमा संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको न्युनतम पारिश्रमिक १५,५००। (पन्ध्र हजार पाँच सय) कायम हुनु पर्ने, श्रम ऐनले तोकेका सबै प्रकारका विदा कार्यान्वयन हुनु पर्ने, सार्वजनिक विदा अतिक्रमण रोकिनु पर्ने, शैक्षिक योग्यता अनुसारको जिम्मेवारी तथा पारिश्रमिक दिने वातावरण निर्माण हुनु पर्ने, पाठ्यक्रम र पाठ्यपुस्तकबीच तालमेलको वातावरण निर्माण हुनु पर्ने, विद्यालयहरूमा आवश्यक पर्ने शिक्षक कर्मचारीको दरबन्दी अनुसार शिक्षक कर्मचारी नियुक्ति गरिनु पर्ने, अवकास र नियुक्ति प्रक्रिया पारदर्शी बनाइनु पर्ने, सामाजिक सुरक्षा कोषमा विद्यालयहरू लगिनु पर्ने, नग क्षेत्रमा कार्यरत शिक्षक कर्मचारीको सुरक्षा लक्षित बृहत श्रमिक कोष स्थापना गरिनु पर्ने, हरेक वर्ष नयाँ शैक्षिक वर्षको सुरुवातसंगै विद्यार्थीले तिर्नु पर्ने शुल्क बृद्धि भए पनि शिक्षक कर्मचारीको तलब ग्रेड बृद्धि गर्न विद्यालय सञ्चालकले आनाकानी गरिरहँदा समय अनुकुल पारिश्रमिक नपाइरहेकाले हरेक वर्ष शुल्क बृद्धि प्रस्ताव स्वीकार गर्नु भन्दा अगाडि शिक्षक कर्मचारीको तलवी अवस्था जाँचबुझ हुनु पर्ने लगायत शिक्षक कर्मचारीसंग सम्बन्धित समस्या समाधानको माग राखेर ज्ञापनपत्र बुझाइएको हो ।

ज्ञापनपत्र बुझ्दै नगर प्रमुख पोखरेलले वर्तमान श्रम ऐनको पालना गराउन आफू प्रतिबद्ध रहेको बताउँदै संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीका अधिकांश माग श्रम ऐनको कार्यान्वयन भएकोले समाधान हुने विश्वास व्यक्त गरेका छन् ।

फेसबुक र युट्युबबाट पाउने आम्दानीमा कर

झापा(प्रस) । फेसबुक र युट्युब लगायतबाट प्राप्त गर्ने आम्दानीमा कर बढेको छ । सरकारले आर्थिक विधेयकमार्फत सामाजिक सञ्जालमा श्रव्यदृश्यबाट प्राप्त हुने आयमा कर बढाएर ५ प्रतिशत पुऱ्याएको हो । यसअघि यी सामग्रीबाट प्राप्त आयमा एक प्रतिशत मात्र कर लाग्दै आएको थियो । 'व्यवसाय सञ्चालन नगर्ने प्राकृतिक व्यक्तिले नेपाल बाहिर सफ्टवेयर वा यस्तै विद्युतीय सेवा उपलब्ध गराए बापत वा नेपाल बाहिर परामर्श सेवा उपलब्ध गराए वा सामाजिक सञ्जालमा श्रव्यदृश्य सामाग्री अपलोड गरेबापत विदेशी मुद्रामा भुक्तानी प्राप्त गर्दा विगतमा बैंकले एक प्रतिशत कर कट्टा गरी जम्मा गर्ने व्यवस्था रहेकोमा अब त्यसलाई वृद्धि गरी पाँच प्रतिशत कायम गरिएको छ,' आर्थिक विधेयकमा भनिएको छ । त्यस्तै, आर्थिक वर्ष ०७९/८० मा बिजनेस प्रोसेस आउटसोर्सिङ, सफ्टवेयर प्रोगामिङ गरी विदेशी मुद्रा ल्याउँदा जम्मा एक प्रतिशत कर लाग्ने गरेकोमा आर्थिक वर्ष ०८०/८१ देखि १० प्रतिशत कर लाग्ने व्यवस्था गरिएको छ ।

किसानलाई मकै रोप्ने मेशिन र स्प्रे ट्याक्की वितरण

झापा(प्रस) । हल्दिबारी गाउँपालिका वडा नम्बर १ ले किसानलाई मकै रोप्ने मेशिन र स्प्रे ट्याङ्की वितरण गरेको छ । वडा अध्यक्ष देवीबहादुर थापाको अध्यक्षता तथा गाउँपालिका उपाध्यक्ष लक्ष्मीदेवी मैनालीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा १८० जना किसानलाई स्प्रे ट्याङ्की र १०० जना किसानलाई मकै रोप्ने मेशिन वितरण गरिएको हो । वडा र किसानको ५०/५० साझेदारीमा उक्त सामग्री वितरण गरिएको वडा अध्यक्ष थापाले जानकारी दिए । किसानहरूलाई कृषि सामग्री वितरण गर्दै प्रमुख अतिथि मैनालीले कृषकलाई आवश्यकता अनुसार कृषि सामग्री र अनुदान सहयोग गर्ने गरी गाउँपालिका नीति निर्माणका साथ अगाडि बढ्न लागेकोले उपलब्ध सामग्रीको सही सदुपयोग गर्न समेत आह्वान गरिन् । वडा अध्यक्ष थापाले ढिलो भए पनि कृषिमा आवश्यक पर्ने स्प्रे ट्याङ्की र मकै रोप्ने औजार यो वर्ष वितरण गरिएको र आगामी वर्षदेखि किसानको आवश्यकता अनुसारका कृषि सामग्री सर्वसुलभ तरिकाले वितरण गरिने बताए । वडाको ४ लाख ५० हजार सिलिङ र किसानहरूबाट ४ लाख ५० हजार जम्मा गरी उक्त कृषि सामग्री खरिद गरिएको अध्यक्ष थापाको भनाई छ । कृषि औजार वितरण कार्यक्रममा गाउँ कार्यपालिका सदस्य शान्तादेवी सिवाकोटी , वडा सदस्य कुलबहादुर बान्तवा र प्रकाशकुमार कार्कीको उपस्थिति रहेको थियो । कृषि सामग्री हस्तान्तरण कार्यक्रमको औचित्य र स्वागत वडा सदस्य प्रकाशकुमार कार्कीले गरेको कार्यक्रमको सहजीकरण वडा सचिव तुलसा खत्रीले गरेकी थिइन् ।

शाहको नाममा जारी गरिएको १५ दिने सूचना

झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं-५ बस्ने युगेनकुमार लोक्तम लिम्बूको नाममा दर्ता कायम रहेको हाल बिर्तामोड न.पा-५ मा पर्ने कित्ता.नं ५१को ज.बि.४६१.०० क्षेत्रफलमा बनेको टिनको छानो भएको १ तले पक्की घरको भुइतलामा एउटा सटर कोठा मिति २०७९ भदौ ११ गतेदेखि मेचीनगर नगरपालिका ४ धुलाबारी बस्ने राहुल शाहले मासिक भाडा रु.७,०००।- को दरले बस्दै आएकोमा मिति २०७९/०८/०७ गतेदेखि कोठाभाडा नतिरी सम्पर्क बिहिन हुनुभएको हुँदा घरधनीले २०७९/११/१० गतेमा उक्त बन्द कोठा खुलाई पाऊँ भनी यस वडा कार्यालयमा निवेदन दर्ता गरेबमोजिम तपाई राहुल शाहको नाममा १५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त कोठा के कति कारणबाट बन्द गरिएको हो , बाटोको म्यादबाहेक १५ दिन भित्रमा लिखित जवाफ दिनु हुन जानकारी गराईन्छ । अन्यथा कानून बमोजिम कोठा खाली गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

बिर्तामोड नगरपालिका ५ नं वडा कार्यालय
झापा

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेशको

१५ दिने सूचना

सधियार पूर्व : श्री अम्बिका बजगाई, पश्चिम : सडक, उत्तर : श्री तुलसा गुरुङ्ग को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री जानकी मुखियाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता	सूचना प्रकाशित मिति	सर्जमिन मिति
बिर्तामोड नपा-१	१	१८४२०	७१.९६	२०८०/०१/२६	२०८०/०१/२६	२०८०/०२/१६

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेशको

१५ दिने सूचना

सधियार उत्तरः श्री बबिता यास्को, दक्षिणः प्रविन प्रधान को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री राजेन्द्र कुमार थाम्सुहाङ्गले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता	सूचना प्रकाशित मिति	सर्जमिन मिति
बिर्तामोड नपा-४	१७९ ०१२ ०११	४६	३७५	२०७९/१२/२२	२०७९/१२/२३	२०८०/०२/०९

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

वातावरण जोगाऔं

वातावरणको विनास यति तीव्र छ कि पृथ्वीबाट कैयौं प्राणी लोप भइरहेका छन्, कैयौं लोपोन्मुख छन्। प्राकृतिक स्रोतको अनियन्त्रित दोहन र वायु प्रदूषणले पृथ्वीको सन्तुलनमात्रै खल्बलिएको छैन, त्यसकै परिणामस्वरूप विभिन्न महामारी, प्रकोप र प्रलय देखा परिरहेका छन्। पृथ्वी दिनानुदिन तात्तिँदै गएको छ। खाद्यबालीको चक्र बिथोलिएको छ। यी सबका सब हुनुका पछाडि प्लास्टिकको अत्यधिक प्रयोग पनि एक हो। वातावरणलाई प्रदूषित बनाउनेमा प्लास्टिक पनि प्रमुख वस्तु भएको छ।

पाँच दशकदेखि जुन ५ लाई विश्व वातावरण दिवसका रूपमा मनाइँदै आइएको छ। सोमवार परेको यो दिवसको नारा प्लास्टिक प्रदूषण रोक्ने भन्नेमा केन्द्रित थियो। त्यसो त पोहोरकै बजेटमा नेपाल सरकारले ४० माइक्रोभन्दा कम पातलो प्लास्टिक उत्पादन, आयात र बिक्री रोक्ने भनेको हो। तर त्यसको कार्यान्वयन भएको अनुभूति जनताले गरेका छैनन्। हाम्रो राज्यको मूल समस्या नै त्यही हो कि घोषणा गर्ने, योजना बनाउने तर कार्यान्वयनका मामलामा माखो नमार्ने। पुनर्प्रयोग गर्नै नसकिने प्लास्टिकको प्रतिबन्ध अनिवार्य नै छ। प्लास्टिकले हिमालदेखि समुद्रसम्मलाई प्रदूषित बनाएको छ। ती ठाउँमा जीवजन्तुभन्दा प्लास्टिकको उपस्थिति धेरै हुन थालेको छ।

नेपालको संविधानमै स्वच्छ वातावरणको हक समावेश छ। तर मुलुकमा प्रदूषण यति बढेको छ कि संसारकै प्रदूषित सहरमध्ये देशको राजधानी काठमाडौं परिसकेको छ। तर सरकारको ध्यान वातावरण प्रदूषण नियन्त्रणमा खास देखिन्न। वन डढेलो रोक्ने उपायको खोजी छैन। चुरे संरक्षणमा चासो छैन।

नदीनाला र तालतलैया मृत हुँदैछन्, तिनको संरक्षणको कार्यक्रम छैन। वातावरण विकसित देशको विलासी एजेन्डामात्रै होइन भन्ने बुझ्न जरुरी छ। हिमाली राज्य नेपाल वातावरण विनाश र विश्व तापमान वृद्धिको सबैभन्दा धेरै जोखिमको देश हो। तसर्थ सरकारले वातावरणका हकमा सचेतना र संरक्षणको अभियानमा मात्रै सीमित नरही प्लास्टिक प्रदूषण उन्मूलनका लागि कडाभन्दा कडा नीति नियम बनाई कार्यान्वयन अत्यावश्यक छ। प्लास्टिकको सट्टा वातावरणमैत्री विकल्प दिनु अनिवार्य छ। पटक पटक घोषणा मात्र गरेर हुँदैन कार्यान्वयन गरेर देखाऊ।

भैँसीपूजा, भैँसी उपहार र मोदी चतुर्‍याइँ

• विनोद त्रिपाठी

यतिखेर खासगरी सामाजिक सञ्जालमा बहस र व्यंग्यको विषय बनेको देखिन्छ, 'प्रचण्डले गरेको भैँसी पूजा।' के यो चर्चा सत्य हो ? के साँच्ची नै प्रचण्डले भैँसी पूजा गरेकै थिए ? यो बहस त्यतिबेलादेखि चल्दै आयो, जतिबेला माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पहिलोपटक प्रधानमन्त्री भएका थिए। यो विषयमा न अहिलेसम्म प्रचण्ड स्वयं बोलेका छन्, न उनको पार्टी। राजनीतिमा यो व्यंग्य यति उचाइमा पुग्यो- प्रचण्डसँग कुनै धर्मको विषय जोडिनेबित्तिकै भैँसी पूजाको चर्चा सुरु भइहाल्छ। प्रचण्ड हालै भ्रमणमा जाँदा भारतले १५ वटा भैँसी नेपाललाई उपहारस्वरूप दिने भएको छ, न प्रचण्डले भैँसी मागेका थिए, न प्रचण्डको भारत भ्रमण टोलीसँग भैँसी उपहारको कुनै साइनो छ। संयोगले यहीबेला भारतद्वारा नेपाललाई उपहारस्वरूप दिइएको मुर्रा जातको भैँसीको सन्दर्भ प्रचण्डको भैँसी पूजातिर सोझिएको छ। यति मात्र भएन, गेरुवस्त्र लगाएर भारतको मध्यप्रदेशको उज्जैनस्थित प्रसिद्ध ज्योर्तिलिङ्ग महाकालेश्वर मन्दिरमा प्रचण्डले पूजा गरेपछि भैँसी पूजाको उपमा जोडेर सामाजिक सञ्जाल तरंगिन पुग्यो। कुनै बेलाका उनकै सहयात्री बाबुराम भट्टराईले प्रचण्डले पूजा गरेका तस्बिर राखेर उपहास गर्दै सामाजिक सञ्जालमा लेखे, 'हामी कता जाँदै छौँ ? देश कता जाँदै छ ?' धेरैलाई जिज्ञासा लाग्न सक्छ- नेपाल-भारत सम्भौताका मूल विषय छाडेर यो अर्थहीन बहस किन उब्जियो ? के प्रचण्डले भैँसीपूजा गरेकै हुन् ?

भैँसी पूजाको वास्तविकता

संविधानसभाको निर्वाचनपछि प्रधानमन्त्री बनेका प्रचण्डलाई ०६६ माघ २९ गते सुनसरीस्थित वराह क्षेत्रको चतराधाममा निमन्त्रणा गरिएको थियो। यो हिन्दु धर्मावलम्बीको प्रसिद्ध स्थानका रूपमा परिचित छ। जहाँ अधिकांश होम, पूजा, भजनकीर्तन, आयुर्वेद प्रशिक्षण लगायत चल्ने गर्छ। सोही दिन त्यहाँ आयुर्वेद औषधिको दशदिने शिविर उद्घाटन हुँदै थियो, जसको प्रमुख अतिथिका रूपमा बोलाइएका थिए, प्रधानमन्त्री प्रचण्ड। त्यहाँ भैँसी, बाख्रा, हात्ती, घोडा, गोरु, गाई जनावर राखिएका थिए। यी जनावरको स्पर्शले मानिसमा सकारात्मक प्रभाव पर्ने आयोजकले प्रचण्डलाई सुनाएका थिए। आयुर्वेद र ज्योतिषशास्त्र अनुसार नीलमको माला लगाएर भैँसीको छायाँमा दुई घन्टा बसी ध्यान गर्दा शनिको किरण सकारात्मकतामा बदलिन्छ भन्ने एकखाले विश्वास छ। आयोजक गुरुहरूले भनेबमोजिम प्रचण्डले ती पशुको स्पर्श गरे, केहीबेर त्यहाँ बसे। यो सबैको तारतम्य मिलाउने पुजारी थिए, कृष्णदासजी महाराज, जो पनि निकै विवादित र गुमनाम भए। त्यस दिन प्रचण्डले कुनै पूजा नगरेको स्वयं आयोजकले धेरैपटक स्पष्टीकरण दिइसकेको छ। प्रचण्ड एक नास्तिक मात्र होइनन्, आफ्ना बुवा मुक्तिरामको मृत्युमा किरिया नबस्ने गैरआध्यात्मिक जडसूत्रवादी नेता पनि हुन्। जुन उनका राजनीति सहयात्री बाबुराम भट्टराईकै लाइनमा रहेर धार्मिक अतिवादमा तिखो प्रहार गर्ने व्यक्तिमा गनिन्छन्।

अन्त्यमा

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी हिन्दूधर्मका एक अनुयायी मात्र होइनन्, उनी जब्बर हिन्दुवादी नेता पनि हुन्। उनी सन् २००१ देखि गुजरात राज्यको मुख्यमन्त्री हुँदा उनलाई हिन्दू धर्मको पक्षपाती नेताको आरोप लागेको थियो। १४ वर्ष गुजराजको मुख्यमन्त्री भएर विकासका काम गर्दा उनले हिन्दु धर्मको जबर्जस्त पक्षपोषण गरिरहे। सन् २०१४ मा पहिलोपटक भारतको प्रधानमन्त्रीमा निर्वाचित हुँदा समेत उनलाई गैरहिन्दुले विरोध जारी राखेका थिए, तर कुशल, चलाख र चतुर्‍याइँका हेडमास्टर मोदीले अहिलेसम्म भारतमा हिन्दु धर्मलाई केन्द्रबिन्दुमा राखेर सबै धर्मावलम्बी समेटेर लान सफल भएका छन्। उनको यो कुशलताबाट स्वयं उनका विरोधी कंग्रेस आईका नेता समेत नतमस्तक छन्। उनले प्रधानमन्त्रीकै रूपमा नेपालको तीनपटक भ्रमण गरे। जनकपुरधामदेखि पशुपतिनाथ मन्दिरसम्म, लुम्बिनीदेखि मुक्तिनाथसम्म उनले धार्मिक यात्रा समेत गरे।

नरेन्द्र मोदी दक्षिण एसियामा हिन्दु धर्म स्थापित गर्न चाहन्छन् र उनी यसलाई संसारभर फैलाउने कोसिसमा छन्। उनले प्रचण्डलाई मात्र हिन्दु मन्दिरको दर्शन-पूजा गराएका होइनन्, विश्वका कैयौँ सरकार प्रमुखलाई समेत यिनले मन्दिर पुर्‍याएका विगतका उदाहरण छन्। उनले अमेरिका, बेलायत, रसियाका सरकार र राष्ट्रप्रमुखलाई गणेश, शिव, हनुमानजी लगायत प्रतीकात्मक मूर्ति उपहार दिएर पठाउने गरेका छन्। अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाले मोदीसँगको भेटपछि भनेका थिए, 'मोदी एक वैज्ञानिक आध्यात्मिक नेता हुन्, यसैले संसारले थेग्न नसकेको धार्मिक बहुसंख्यक नागरिकलाई उनले समेटेर लान सफल भएका छन्।' मोदीको चतुर्‍याइँ एक कुशल प्रशासकमा हुनुपर्ने गुण हो। जुन नेपालका नास्तिक वा आस्तिक नेताले सिक्न सक्छन्। नेपाललाई हेर्ने मोदी दृष्टिकोणप्रति हाम्रा अनेकन् असहमति छन्, तर बहुधार्मिक र धर्मनिरपेक्ष मुलुकमा सबै नागरिकलाई एउटै मालामा समान हैसियतमा राख्न मोदी आइडिया नेपालले पनि सिक्न सक्छ। यो स्वयं मोदीले आफ्नो शासनकालमा प्रमाणित गरिदिएका छन्।

नेपाल स्वयं बहुसंख्यक हिन्दु, बौद्ध धर्मावलम्बी भएको मुलुक भएकाले अन्य कम जनसंख्या भएका धर्मावलम्बीलाई समेट्न उदार आध्यात्मिक चिन्तनको आवश्यक पर्छ। किरात , मुस्लिम, इस्लाम, जैन, क्रिस्चियन वा अन्य विभिन्न धर्मका नागरिकसँग हिन्दु र बौद्ध धर्मका ठूला मालाहरूमा अटाउन सक्ने उदारता कायम गर्नैपर्छ। प्रचण्ड स्वयंले महाकालेश्वर मन्दिरमा पूजा गरेर मोदीको मन, भारतीय जनता मात्र खुसी बनाएका छैनन् , सबै धर्मका आस्थावान नेपालीमा पनि सकारात्मक प्रभाव परेको छ। यो कुनै भैँसी पूजा र भैँसी उपहारसँगको साइनो होइन। धर्मनिरपेक्ष नेपालमा हिन्दु धर्मको ठूलो मालाभित्र सबैलाई समेट्ने एक धार्मिक सहिष्णुताको धागो हो। धर्ममा हुने उपहास र छेडखानी आतंकको नमुना मात्र हुन्। यसैले जतिसुकै नास्तिक भए पनि धर्मनिरपेक्ष मुलुकको सरकार प्रमुख भएको नाताले बहुसंख्यक नागरिकको प्रतिनिधित्व गर्दै आस्थाबाट टाढा भाग्न मिल्दैन।

नेपाली राजनीतिमा पुँजीवादी विचारधाराको प्रभाव

• लाओस राई

२०औँ शताब्दीको अन्त्यसम्म विश्वका ६४ भन्दा बढी राष्ट्रहरूमा साम्यवाद कायम थियो। १८७१ को अक्टोबर क्रान्तिपछि निकै प्रभाव जमाएको यो व्यवस्थाले विश्वलाई नयाँ राजनीतिक व्यवस्थामा पुर्‍याएको थियो। तथापि १९औँ शताब्दीदेखि अस्तित्वमा उदाएका उदारवादी विचारधारका प्रतिरूप पुँजीवादी विचारधाराले २१औँ शताब्दीको तेस्रो दशकसम्म विश्वलाई नियन्त्रण गर्ने विचारधाराका रूपमा देखिएको छ। मूलतः पुँजीवाद आफैँमा एक छुट्टै विचारधारा होइन। यो त केवल उदारवादी आर्थिक चिन्तन प्रणालीलाई बुझाउने एक शब्द मात्र हो। यसको अर्थ हुन्छ लगानी, मुनाफा पुँजी सञ्चय र पुनः लगानी अधिकार, अर्थतन्त्रले विकास गर्न हरेक मानिसलाई स्वतन्त्रतापूर्वक उद्यमशील हुन अवसर प्राप्त हुनुपर्छ। हरेक मानिसलाई उसको क्षमता, रुचि र लगाव अनुसार पेसा व्यवसाय छनोट र अवलम्बन गर्न पाउनुपर्छ। उद्यमशीलताको प्रेरक तत्व आर्थिक लाभ वा मुनाफा हो। यदि लगानीबाट मुनाफा हुँदैन वा पुँजी बन्दैन भने मानिसले त्यस्तो काम कहिल्यै गर्न चाहँदैन वा गर्दैन पनि। यो आर्थिक मानवको प्रमुख गुण हो। आर्थिक मानवले गर्ने प्रत्येक कार्यको प्रतिफल हुनुपर्छ भन्ने मान्यता राख्छ। अझै भन्ने हो भने प्रतिफल वा प्रेरणाबिना मान्छेको भित्री हृदयबाट काम गर्ने जाँगर उत्पन्न हुँदैन।

आर्थिक मानव भन्छन्, आर्थिक क्रियाकलापको प्रतिफल मुनाफा नै हो। मुनाफा सुनिश्चित नभएको समाज वा राज्यमा मानिस उद्यमशील हुन प्रेरित हुँदैन। यथार्थमा भन्ने हो भने मुनाफा र प्रतिफलबिनाको समाजले वा व्यक्तिले आर्थिक रूपले प्रगति गर्न सक्दैन। मुनाफाको अधिकारले अर्थतन्त्रलाई गतिशील बनाउँछ र मानिसको जीवनस्तरमा सुधार ल्याउँछ। जब व्यक्तिको जीवन र समाजको स्तरमा सुधार हुन थाल्छ तब विकास र समृद्धि विकट हुँदैन। किनभने आर्थिक वृद्धि हुने बित्तिकै जीवनशैलीमा परिवर्तन भइहाल्छ। विकास र समृद्धिको आधार पनि यही हो। लगानी र मुनाफाको ग्यारेन्टी हुने प्रणालीलाई पुँजीवाद भनिन्छ। वैचारिक रूपमा भन्नुपर्दा पुँजीवाद उदारवादी विचारबाट अनुप्रेरित हुन्छ। पुँजीवादको बारेमा संक्षिप्त टिप्पणी गरिसकेपछि पुँजीवादको पहिलो पाठशाला मानिने उदारवादका बारेमा पनि थोरै चर्चा गर्नुपर्छ।

उदारवाद

उदारवादलाई अङ्ग्रेजीमा लिबरालिजम् भनिन्छ। यो ल्याटिन भाषाको लिबरबाट बनेको हो। यसको अर्थ हुन्छ स्वतन्त्र, उदारवादी व्यवस्थाको सार तत्त्व फ्रिडम अर्थात् स्वतन्त्र हो। प्रमुखतः उदारवाद युरोपको धर्मसुधार आन्दोलन र पुनर्जागरण प्रतिफल हो। मूलतः तत्कालीन युरोपको ब्यापारी वर्गको आर्थिक, सामाजिक तथा राजनीतिक आकांक्षाको प्रतिविम्बित गर्नका लागि उदारवादाले एक सशक्त विचारधाराका रूप ग्रहण गऱ्यो। उदारवाद १६औँ १७औँ शताब्दीदेखि नै सक्रिय विचारधारा भए पनि १९ शताब्दीमा मात्र पूर्णरूपमा अस्तित्वमा उदाएको हो। मुख्यगरी निरङ्कुश र तानासाही व्यवस्थाको विरोध र व्यवस्थाको अन्त्यपछि उदाएको विचारधारा हो। उदारवादको पनि मुख्य दुई पक्षहरू छन् एक स्वतन्त्र व्यक्ति दुई स्वतन्त्र बजार। अझै भनौँ राजनीतिक र आर्थिक रूपमा स्वतन्त्रता पाउनुपर्छ भन्ने विचारधारा नै उदारवाद हो।

उदारवादी विचारधारामा राजनीतिक स्वतन्त्रतालाई लोकतन्त्र र आर्थिक स्वतन्त्रतालाई बजार अर्थतन्त्रले व्यक्त गर्दछ। तत्कालीन विद्वान् डेकर हिटरले उदारवादलाई 'स्वतन्त्रताको वास्तविक सार हो भनेका छन्।' यद्यपि उदारवादले व्यक्तिलाई ज्यादै स्वतन्त्र बनायो र त्यसले आर्थिक उच्छृङ्खल र असमता निर्माण गऱ्यो भन्ने लागेपछि उदारवादी विचारधाराको विरोधमा धेरै तर्कहरू सङ्गठित भए। तर २० औँ शताब्दीदेखि उदारवादको स्वरूप क्रमशः परिवर्तित हुँदै सकारात्मक र रचनात्मक बन्दै बन्दै गयो। यद्यपि उदारवादको विरोध गर्नुपर्छ भन्ने विचार राख्ने पहिलो व्यक्ति माओत्से तुङ थिए। उनले 'उदारवादको विरोध गर' भन्ने लेख नै लेखे। स्पष्ट रूपमा भन्नुपर्दा जहाँ असमानता छ। त्यसको नियमन मानवीय र विवेकपूर्ण नियमद्वारा गरिँदैन व्यक्ति, स्वार्थ र बजारको सन्तुलनमा नै निर्णय अधिकार छोडिन्छ भने त्यसलाई पुँजीवाद भनिन्छ। पुँजीवादको पिता आदम स्मिथले पुँजीवादलाई मूलतः यसरी व्याख्या गरेको छ 'बजार स्वतन्त्र होस्, जसमा सरकारको अनावश्यक नियन्त्र नहोस् प्रतिस्पर्धा होस् जसबाट उपभोक्तालाई फाइदा पुगोस्। उदारवाद र पुँजीवादी विचारधारामा स्वतन्त्रले प्रतिस्पर्धा गर्दै कसरी एकअर्कामा द्वन्द्वात्मक चरणको उत्कर्षमा हुँदै घाँटी निमोठ्ने अवस्थामा पुग्छन्, त्यसको कुनै अर्थ राख्ने गर्दैन। यो विचारधाराले त केवल कसरी मुनाफा आर्जन गर्ने भन्ने विचारमा मात्र केन्द्रित हुन्छ।

पुँजीवादमा पुँजीपतिहरू धन कमाउन प्रतिस्पर्धा गर्दछन्। साधन र स्रोतमाथि स्वामित्व एवं नियन्त्रणमा निरन्तर पुँजीपतिहरू बीचमा द्वन्द्व हुन्छ। त्यसमा एङ्गेल्सले भनेका छन् हरेक सामाजिक व्यवस्था एक ऐतिहासिक आवश्यकताले आउँछ र ऐतिहासिक व्यवस्थाले नै बिदा गर्छ। त्यसलाई हेगलले समयको अन्तरले एउटै कुरा पनि न्याय अन्यायमा फेरिन्छ भनेका छन्। जब पुँजीवाद उत्कर्षमा पुग्छ वा सीमित स्रोत साधनमाथि नियन्त्रणको होडबाजी हुन्छ अथवा खोसाखोस हुन्छ। त्यो प्रतिस्पर्धामा सीमित पुँजीपतिले स्रोतसाधन नियन्त्रणमा लिन्छन्। थोरै मान्छेको हातमा सम्पत्ति हुन्छ र धेरै जनसमुदाय सम्पत्तिविहीन हुन्छन्। त्यहीँबाट पुँजीवाद सङ्कटमा पर्छ। सम्पत्तिविहीनले केही क्षणअघिको मित्रमाथि हमला बोल्छ र त्यहीँबाट पुँजीवाद सङ्कटमा फस्छ। त्यसले नयाँ अवस्था निर्माण गर्छ। त्यो अवस्थाले पुँजीवादलाई नयाँ रूपमा जाने कि समाप्त हुने भन्ने सङ्कट पैदा गर्छ र सङ्कटपूर्ण अवस्थालाई पार गर्दै पनि नयाँ चरणमा पुँजीवाद रूपान्तरण हुन्छ।

पुँजीवादमा सङ्कट उत्पन्न कसरी हुन्छ र समाधान कसरी हुन्छ ? सामाजिक संरचनामा कसरी परिवर्तन हुन्छ ? समाजवादका संरचनाहरू निर्माणले पुँजीवादी संरचनामा थप चुनौती कसरी पैदा हुन्छन् ? यसका बारेमा एक प्रसङ्ग उल्लेख गरौँ। सन् १९०० भन्दा पहिले पुँजीवाद फरक स्वरूपमा विश्व बजारमा चलायमान थियो। जसअन्तर्गत पुँजीपतिहरू एकअर्कामा प्रतिस्पर्धी थिए। उत्पादनका साधनमाथि कसको बढी नियन्त्रण हुने भन्ने विषयमा ठुलो लडाइँ हुन्थ्यो।

तर सन् १९०० पछि पुँजीपतिहरूले उत्पादनको दृष्टिले विश्वलाई पाँच ब्लकमा विभाजन गऱ्यो। त्यही पाँच ब्लकलाई अमेरिका, जापान, जर्मनी, बेलायत र फ्रान्सले नियन्त्रण गरे। विश्वलाई आफ्नो स्वार्थ अनुकूल उपभोग गर्दागर्दै पनि समय क्रमले पुँजीपतिहरूलाई द्वन्द्वको अवस्थामा पुर्‍यायो। त्यसको उदाहरण पहिलो र दोस्रो विश्व युद्ध हुनपुग्यो। यी दुई युद्ध पुँजीवादीहरूको बिचमा भएको हो। जुन एकाधिकार चरणमा भएको पुँजीवादीहरूको संघर्ष थियो। यही कारणले विश्व पुँजीवादीहरूको बिचमा ठुलो सङ्कट उत्पन्न भयो। पहिलो कुरा त्यो सङ्कटले उनीहरूलाई नयाँ चरणको खोजी गर्न बाध्य बनायो भने दोस्रो कुरा विश्वको सामाजिक संरचनामा र व्यवस्था नै परिवर्तन भयो। यसले गर्दा समाजवादी विचारधारा सुरुवात भयो। समाजवादीहरूले उनीहरूलाई चुनौती दिन थाले। समाजवादीहरूको चुनौती र पुँजीवादीहरूको भिडन्तले निर्माण गरेको सङ्कटपूर्ण अवस्थाले पुँजीवादीहरू द्वन्द्वमा उत्रनुभन्दा एकीकृत र सङ्गठित हुन पुग्यो। उनीहरूले पुँजीवादलाई अझै सशक्त बनाउने निष्कर्ष निकाले। नयाँ स्वरूपमा बहुराष्ट्रिय कम्पनीको निर्माण गरे। त्यही कारणले गर्दा १९४५ पछि पुँजीवादीहरू युद्धहरू गर्न छाडे। किनकि बहुराष्ट्रिय कम्पनीमार्फत विश्वका पुँजीपतिहरू एकै मञ्चबाट लगानी गरिरहेका हुनाले उनीहरू लड्नको सट्टा नयाँलाई ढङ्गले विश्वलाई राज गर्न थाले। अर्को कुरा नयाँ परिस्थितिले राष्ट्रिय पुँजीपति वर्ग र साम्राज्यवादी शक्ति बीचको भेद पनि अन्त्य गरिदियो। ती पुराना वर्ग कोही बहुराष्ट्रिय कम्पनीको सदस्य बन्न पुगे त कोही दलाल पुँजीपति वर्गमा परिणत भए। यो पुँजीवादी विचार र पुँजीवादी व्यवस्थाको दृष्टान्त हो।

पुँजीवादी विचारधाराले नेपालमा परेको प्रभाव–

यो विचारधारा व्यक्तिको आर्थिक र राजनीतिक स्वतन्त्रतालाई प्रोत्साहन गर्ने विचारधारा भएको हुँदा गरिब तथा मानवीय विकासको पक्षले पछि परेका देशहरूमा अलि बढी प्रभाव पार्ने गर्छ। नेपाल जस्तो सामन्तवादी व्यवस्थाले लामो समय शासित देशमा व्यक्तिहरू स्वतन्त्र हुन खोज्छन् नै। त्यही स्वतन्त्रताको नाममा राजनीतिक संघर्ष भए। त्यस संघर्षले जनतालाई राजनीतिक स्वतन्त्रता दिलायो। जनता सार्वभौम पनि भए। जनताको छोरा राष्ट्रपति पनि बने। राजनीतिक हिसाबले ऐतिहासिक परिवर्तन भयो। तर जसरी पश्चिमा राष्ट्रहरूमा राजनीतिक स्वतन्त्र र उदारवादी विचारधार ासँगै उदारीकरण, औद्योगिक क्रान्तिका नाममा पुँजीवाद सशक्त भयो त्यसैगरी नेपालमा पनि प्रजातन्त्र, लोकतन्त्रको बुई चढ्दै उदारवाद र उदारीकारणले प्रवेश गऱ्यो। वंशवादी शाहकालमा उत्पादनको साधनहरू सबै राष्ट्रिय सम्पत्ति भनिथ्यो तर ती साधनहरूको नियन्त्रण भने सामन्तीहरूको हातमा हुन्थ्यो। २०४६ मा प्रजातन्त्र आयो। राष्ट्रिय सम्पत्ति सबै बजारीकरण गरे। उदारीकरणका रूपमा २०४८ बाट पुँजीवादको प्रारम्भ भयो। विश्वका पुँजीपतिहरू मजदुर व्यवस्थापन र सस्तो ज्यालाको सहजतालाई केन्द्रमा राख्दै उद्योग खोल्न नेपाल आए। पुँजीपतिहरू निजात्मक र सङ्गठित दुवै बाटोबाट ह्वात्तै आए। जसले गर्दा सुरुका दिनहरूमा जनशक्तिको उपयोग गर्न सजिलो भयो भने सामन्ती वर्गले पुँजीपति वर्गहरूसँग मिल्दै दलालीको काम गर्ने अवसर पनि पाए। त्यसले नेपाली समाजमा दलाल पुँजीपति वर्गको निर्माण गऱ्यो। उदारवाद, उदारीकरण र समृद्धिका नाममा पुँजीवादले लामो समय उदण्ड मच्चायो। आर्थिक उदण्डताका कारण नेपाली समाजको संरचनामा ठुलो हलचल र ज्वारभाटा पैदा भयो। सामाजिक संस्था, संस्कार, संस्कृति, चालचलन, रीतिरिवाज, नातासम्बन्धका साथै संयुक्त पारिवारिक संरचनालाई भताभुङ्ग पर्दै स्वतन्त्रताको नाममा विशृङ्खलता उन्मुख बनाए। पुँजीवादको धेरै विशेषतामध्ये व्यक्तिगत स्वतन्त्रता प्रमुख पाटो हो। त्यसैले त्यही स्वतन्त्रताको प्रयोग गर्दै धेरै नेपालीहरू विश्वको जनशक्ति बन्न पुगे। पुँजीवादको अर्को विशेषता भनेको वस्तु बिक्रीका लागि उत्पादन गर्नु पनि हो।

हामीले हाम्रो राष्ट्रमा विश्व बजारमा बिक्री हुने कुनै वस्तुको उत्पादन गर्न सकेनौँ। जसले गर्दा विश्व बजारमा वस्तु जस्तै हाम्रो जनशक्ति बेच्न बाध्य भयौँ। पुँजीवादी विचारधाराको उद्देश्य भनेको जसरी भए पनि पैसा कमाउनु हो। त्यस कारण जसरी भए पनि पैसा कमाउने रफ्तारमा नेपाल र नेपालीहरू छन्। यो पुँजीवादले निर्माण गरेको आर्थिक मानवको प्रभाव हो। तर गणतन्त्र र संघीयताले नेपाली जनतालाई समानता र समाजवाद उन्मुख समाजमा पुर्‍याउने लक्ष्य लिएको छ। लक्ष्यअनुसार राज्यको नीति, कार्यक्रम मेला खाँदैन। राज्यको अहिलेको नीतिले परनिर्भरता र पुँजीवादी दासत्वलाई कंक्रिट गर्ने काम झन् सशक्त बनाउन बल पुग्ने देखिन्छ। त्यसैले पुँजीवादले प्रभाव पारुन्जेलसम्म समानता र समाजवाद, स्वाधीन र आत्मनिर्भर देश नेपाल बन्न सक्दैन। किनकि विश्वका परनिर्भर राष्ट्रमा समानता त समाजवाद आएको पो कहाँ छ र ?

फेरि...

हुनुपर्ने माग छ।

अहिले विद्यालयका लेखापालले मासिक १३ हजार ५०० तथा कार्यालय सहयोगीले ८ हजार रूपैयाँ पाउँदै आएका छन्।

सरकारी विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरूलाई दरबन्दीमा समायोजन गरी एक पटकका लागि प्रक्रिया पुऱ्याइ स्वतः स्थायी प्रक्रियामा लग्नुपर्ने पनि उनीहरूको माग छ।

यस्तै, विद्यालय कर्मचारीहरूले तत्कालै पूर्ण सेवा सुविधाको ग्यारेन्टी गर्नुपर्ने, सङ्घीय शिक्षा ऐन जारी हुँदाका बखतसम्म अविच्छिन्न सेवामा कार्यरत विद्यालय कर्मचारीहरूलाई एक पटकका लागि उमेर हद नलाग्ने प्रबन्ध गर्नुपर्ने, ६० वर्ष उमेर पुगेका कर्मचारीहरूलाई प्रचलित कानुन बमोजिम शिक्षक सरहको सेवा सुविधा उपलब्ध गराई ससम्मान अवकाशको व्यवस्था गर्नुपर्ने, विद्यालय कर्मचारीलाई उच्च शिक्षा अध्ययनका लागि बिदा, सन्तति वृत्ति आदिको प्रबन्ध गरिनुपर्ने उनीहरूको माग छ।

यसअघि पनि बन्द गरेका थिए विद्यालय

यसअघि पनि माग पूरा नभएको भन्दै नेपाल विद्यालय कर्मचारी परिषद्ले विद्यालय बन्द गरेको थियो।

परिषद्ले विभिन्न माग राख्दै गत भदौ १२ गतेदेखि १८ गतेसम्म सरकारी विद्यालय बन्द आह्वान गरेको थियो। यही आह्वानलाई ऐक्यबद्धता जनाउँदै भदौ १२ गते केही स्थानीय तह विद्यालय बन्द गऱ्यो।

परिषद्ले आफ्नो आह्वानविपरीत विद्यालय बन्द नगर्ने सामुदायिक विद्यालयमा कुनै अप्रिय घटना घटे सम्बन्धित प्रधानाध्यापक हुने चेतावनी पनि दियो। त्यसपछि शिक्षा मन्त्रालयले १२ भदौमा विद्यालय बन्दको कार्यक्रम स्थगित गरी वार्तामा आउन आग्रह गऱ्यो।

शिक्षा मन्त्रालयले वार्तामा बोलाएर माग पूरा गर्ने भएपछि परिषदले आन्दोलन कार्यक्रम फिर्ता लियो।

तर सरकारले माग पूरा गर्ने आश्वासन दिएको ९ महिना बितिसक्दा पनि ती निर्णय सरकारले कार्यान्वयनमा ल्याएको छैन। त्यही कारण पुनः विद्यालय कर्मचारीहरू आन्दोलित छन्।

खेलकुद बोर्डका सदस्य सचिव वाग्लेको पद जोगियो

झापा(प्रस) । खेलकुद विकास बोर्ड कोशी प्रदेशका सदस्य सचिव हंशराज वाग्लेको पद जोगिएको छ । उच्च अदालत विराटनगरले वाग्लेलाई हटाउने निर्णय कार्यान्वयन नगर्न यसअघि दिएको अन्तरिम आदेशलाई पुनः निरन्तरता दिएको छ । उच्च अदालतले अन्तरिम आदेशलाई पुनः निरन्तरता दिएसँगै वाग्लेको पद जोगिएको हो ।

कोशी प्रदेश सरकारको गत जेठ ३ गते बसेको मन्त्रिपरिषद् बैठकले वाग्लेलाई बर्खास्त गर्ने निर्णय गरेको थियो । उक्त निर्णयविरुद्ध भोलिपल्ट नै वाग्लेले उच्च अदालत विराटनगरमा रिट दायर गरेका थिए । उच्च अदालतका न्यायाधीश कृष्णकमल अधिकारीको इजलासले प्रदेश सरकारको उक्त निर्णय कार्यान्वयन नगर्न जेठ ५ गते अन्तरिम आदेश दिएको थियो ।

सोमबार पुनः उच्च अदालत विराटनगरका न्यायाधीशद्वय कृष्णकमल अधिकारी र राजनप्रसाद भट्टराईको इजलासले जेठ ५ को अन्तरिम आदेशलाई निरन्तरता दिएको हो ।

सदस्य सचिव वाग्लेलाई प्रदेश सरकारले बर्खास्त गर्नुको मुख्य कारण भने सरकारले कार्यक्रमको ब्यानरमा 'कोशी प्रदेश किन नलेखेको' लाई देखाएको छ । प्रदेश खेलकुद विकास बोर्डको आयोजनामा वैशाख १४ गतेदेखि १६ गतेसम्म झापाको दमकमा भएको प्रदेश स्तरीय मुख्यमन्त्री कप भलिबल प्रतियोगितामा कोशी प्रदेश लेखिएको ब्यानर नराखेको भन्दै मन्त्रालयले सदस्य सचिव वाग्लेलाई दुई पटक स्पष्टीकरण सोधेको थियो ।

वैशाख १७ गते स्पष्टीकरण सोधेको मन्त्रालयले १९ गते बैंक खातासमेत रोक्का गरेको थियो । दुई पटकको स्पष्टीकरण चित्त नबुझेको भन्दै उनलाई सरकारले हटाएको हो । नेकपा एकीकृत समाजवादीका सचिवसमेत रहेका पूर्व मुख्यमन्त्री राजेन्द्र राईको कार्यकालमा वाग्ले प्रदेश खेलकुद विकास बोर्डको सदस्य सचिव नियुक्त भएका थिए । दुवै स्पष्टीकरणको जवाफसमेत चित्तबुझ्दो नभएको जनाउँदै सामाजिक विकासमन्त्री बुद्धिकुमार राजभण्डारीको प्रस्तावमा मन्त्रिपरिषद् बैठकले वाग्लेलाई पदमुक्त गरेको थियो ।

१७९ वटा देशमा वैदेशिक रोजगारी खुला गर्ने तयारी

झापा(प्रस) । सरकारले दौत्य सम्बन्ध भएका सबै मुलुकमा वैदेशिक रोजगारी खुला गर्ने तयारी गरेको छ ।

योजनाअनुसार नेपालीहरू वैदेशिक रोजगारीका लागि थप ७१ सहित जम्मा १७९ वटा देशमा जान पाउने दाबी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गरेको छ । नेपालसँग द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापित भएका सबै देशमा सरकारले खुला गरेपनि सबै देशबाट नेपाली श्रमिकको माग आउँछ भन्ने सुनिश्चित भने छैन तर कसैले माग ल्याएमा श्रम स्वीकृति दिन नरोक्ने सरकारी तयारी छ ।

आइतबार सिंहदरबारमा पत्रकार सम्मेलन गर्दै श्रम मन्त्रालयले प्रतिबन्धमा रहेको इराकमा समेत वैदेशिक रोजगारी खुला गर्न गृहकार्य भइरहेको बताएको छ । सोही सम्मेलनमा श्रम मन्त्रालयले इराकको अवस्था विगतको जस्तो नभएको भन्दै नयाँ परिवेश मूल्यांकन गरेर वैदेशिक रोजगारीका लागि खुला गर्ने योजना जानकारी गराए । दौत्य सम्बन्ध जहाँ-जहाँ कायम भएका छन्, ती सबै देश वैदेशिक रोजगारीका लागि खुला गरिने मन्त्रालयका सचिव एकनारायण अर्याललेे बताए ।

सामाजिक शिक्षकलाई अभिमुखीकरण

भद्रपुर(प्रस) । भद्रपुर नगरपालिका सामाजिक विकास शाखाको आयोजनामा सामाजिक विषयका शिक्षक तथा बाल क्लब सहजकर्ता शिक्षकका लागि एकदिने बालमैत्री अभिमुखीकरण तालिम सम्पन्न भएको छ ।

शिक्षणमा बालमैत्री व्यवहारको उपयोगका लागि आयोजित अभिमुखीकरणमा भद्रपुरमा रहेका सरकारी तथा संस्थागत विद्यालयका शिक्षकको सहभागिता रहेको थियो । अभिमुखीकरणमा गोपाल लिम्बू, दिपक पाण्डेलगायतले सहजीकरण गर्दै युग सुहाउँदो शिक्षणका लागि बालमैत्री व्यवहार आवश्यक रहेको भन्दै परम्परागत दमनको शैलीले शिक्षाको विकास नहुने प्रष्ट पारेका थिए । कार्यक्रममा सहभागी शिक्षकहरूले बालमैत्रीको नाममा अराजकता प्रवेश गर्दा शिक्षाको गुणस्तर खस्कने अवस्था आएको गुनासो राखेका थिए । शाखाकी प्रमुख जीवनकला राउतले भद्रपुरको सामाजिक विकासको अवस्थावारे जानकारी गराएकी थिइन् ।

साना किसान चन्द्रगढीको तालिम सुरू

भद्रपुर(प्रस) । भद्रपुर १० मा रहेको साना किसान चन्द्रगढीले वित्तीय साक्षरता तथा क्षमता अभिवृद्धि एवं पशु तथा बाली संरक्षण सम्बन्धी तीन दिने अभिमुखीकरण तालिम सुरू गरेको छ ।

साना किसान कृषि सहकारी संस्थाको आयोजना तथा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय कोशी प्रदेशको आर्थिक सहयोगमा जेठ २४ गतेसम्म सञ्चालन हुने तालिमको उद्घाटन कोशी प्रदेशका पूर्व कृषि मन्त्री ओमप्रकाश सरावगीले गरेका थिए । तालिमको सहजीकरण बचत तथा ऋण केन्द्रीय सहकारी संघका केन्द्रीय सञ्चालक सदस्य घनश्याम अधिकारी, साना किसान कृषि सहकारीका देवी कोइराला, नगर सहकारी शाखा प्रमुख नेत्र पोखरेल, नेप्सुनका कार्यक्रम अधिकृत मुकेश दाहालले गरिरहेका छन् ।

उद्घाटन कार्यक्रममा सहजकर्ता घनश्याम अधिकारी, भद्रपुर १० नम्बर वडा सदस्य दुर्गाप्रसाद दाहाल, सहकारीकी पूर्व लेखा संयोजक विमला चापागाईंलगायतले शुभकामना मन्तव्य राखेका थिए । संस्थाकी अध्यक्ष देवीमाया अधिकारीको अध्यक्षता तथा व्यवस्थापक राजन नेपालले सञ्चालन गरेको कार्यक्रमको स्वागत उपाध्यक्ष दुर्गा पौडेल निरौलाले गरेकी थिइन् । कार्यक्रममा सहकारीमा आबद्ध १२७ समूहबाट सदस्य छनौट गरी प्रतिनिधिमूलक सहभागिता गराइएको छ ।

अफगानिस्तानका ८० बालिकालाई विष दिइयो

एजेन्सी । अफगानिस्तानको उत्तरी इलाकामा दुई वटा प्राथमिक स्कुलका ८० छात्रालाई विष दिइएको छ ।

सबैलाई अस्पताल भर्ना गरिएको छ । इलाकाका शिक्षा अधिकारीले आइतबार यसबारे जानकारी दिएका हुन् । अगस्ट सन् २०२१ मा तालिबान सत्तामा आएपछि यस्तो घटना पहिलो पटक भएको हो । तालिबानले पहिले नै देशमा बालिकालाई ६ कक्षाभन्दा माथि पढ्न प्रतिबन्ध लगाइसकेको छ । जुन स्कुलमा छात्रालाई विष

दिएको थियो, ती अफगानिस्तानको सर-ए-पुल प्रान्तमा छन् । यी दुई स्कुल आसपास छन् । एकपछि अर्को गर्दै यी स्कुललाई निशाना बनाइएको हो ।

छात्रालाई षड्यन्त्र गरेर विष दिइयो

सर-ए-पुलको एजुकेसन डिपार्टमेन्टका अधिकारीले आफूहरूले घटनाबारे छानबिन गरिरहेको बताए । छात्रालाई कसरी विष दिइयो भन्ने जानकारी छैन । सुरुवाती अनुसन्धानमा यो कसैको षड्यन्त्रजस्तो लागेको अधिकारी बताउँछन् । कसैले तेस्रो पक्षमार्फत उनीहरूलाई विष दिएको पनि अधिकारीले जानकारी दिएका छन् । विष दिइएका छात्राहरू एकदेखि ६ कक्षामा अध्ययनरत छन् । अफगानिस्तानमा सन् २०१५ मा पनि यस्तै घटना भएको थियो । त्यति बेला हेरात प्रान्तमा स्कुलका ६ सय छात्रालाई विष दिइएको थियो । त्यति बेला कुनै पनि सङ्गठनले यसको जानकारी लिएको थिएन । यद्यपि, त्यति बेला थुप्रै मानवअधिकार सङ्गठनले तालिबानलाई घटनाका लागि जिम्मेवार बताएको थियो ।

इब्राहिमोविचद्वारा फुटबलबाट सन्यासको घोषणा

एजेन्सी । एसी मिलानका स्ट्राइकर ज्लाटान इब्राहिमोविचले फुटबलबाट सन्यासको घोषणा गरेका छन् ।

योसँगै ४१ वर्षीय खेलाडीको उत्कृष्ट फुटबल करियरमा पूर्णविराम लागेको छ । 'म फुटबललाई अलबिदा भन्दै छु तर तपाईंहरुलाई होइन,' आइतबार सिजनको अन्तिम खेलपछि स्वीडिस खेलाडीले सान सिरोमा समर्थकहरूलाई भने । इब्राहिमोविचले यसअघि नै क्लब छाड्ने घोषणा गरिसकेका थिए । आफ्ना करियरमा पेरिस सेन्ट जर्मेन,

म्यानचेस्टर युनाइटेड, एसी मिलान र इन्टर मिलानमा रहँदा उनले ५११ गोल गर्नुका साथै लिग उपाधिहरू जितेका थिए । उनी सन् २०२० मा पुनः मिलानसँग आबद्ध भएका थिए । गत सिजन उनले पुनः टोलीलाई लिग उपाधि दिलाएका थिए । आफ्नो करियरमा इब्राहिमोविचले ३४ वटा उपाधि जितेका छन् जसमा १४ लिग उपाधि छन् । उनी बालोन डि'ओरका लागि ११ पटक मनोनित भएका थिए । उनले जित्न नसकेको उपाधि भनेको च्याम्पियन्स लिग मात्र हो । सन् २०१७ मा उनले युनाइटेडसँग युरोपा लिगको उपाधि पनि जितेका थिए । उता स्वीडेनका लागि उनले १२२ खेलमा ६२ गोल गरेका छन् ।

दमकमा अत्यधिक गर्मीका कारण वृद्धको मृत्यु

झापा(प्रस) । झापाको दमकमा अत्यधिक गर्मीका कारण एक वृद्धको मृत्यु भएको छ ।

मृत्यु हुनेमा दमक नगरपालिका-८ निवासी ७८ वर्षीय मोतीराज राई रहेको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ । आइतबार दिउँसो घाँस काट्न मकै बारीमा गएका उनी अत्यधिक गर्मीका कारण त्यहाँ ढलेका थिए । उनको घटनास्थलमै मृत्यु भएको वडा अध्यक्ष दिपेश दाहालले जानकारी दिए ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL PVT. LTD. Estd:2065 ANARMANI-3, BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिएटिभ आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष — मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । पेसा र व्यवसायबाट लाभ हुनेछ ।

वृष — महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । आर्थिक कारोबारमा विवाद पनि आउला ।

मिथुन — मनमा हर्ष र उमङ्ग छाउनेछ । रमणीय, सुखद् र धार्मिक यात्राको योग छ ।

कर्कट — मित्रबाट विशेष सहयोग मिल्ला । परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ ।

सिंह — सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ । सौन्दर्यतामा धन खर्च हुनसक्छ ।

कन्या — मनमा उत्पन्न शंका तथा डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन

तुला — आर्थिक कारोबारमा सफलता मिल्नेछ । तर सौन्दर्यतामा धन खर्च हुनसक्छ ।

वृश्चिक — मनमा उत्पन्न शंका तथा डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन

धनु — विद्या र बुद्धिको विकास हुनेछ । पारिवारिक भेटघाटमा रमाइने छ ।

मकर — धार्मिक कार्यमा रुचि बढ्नेछ । शेयर बजारको लगानीमा सफलता मिल्नेछ ।

कुम्भ — कार्य सम्पादनमा सहजता मिल्नेछ । व्यापार व्यवसायमा सफलता पनि मिल्नेछ ।

मिन — आज काम बिगार्ने तथा तपाईंको नकारात्मक सोच्नेहरू सक्रिय हुनेछन् ।